# महिला पुनर्स्थापना केन्द्र (ओरेक)

WOREC

महिला पुनर्स्थापना केन्द्र (ओरेक) विगत ३५ वर्षदेखि मानव अधिकार स्थापनार्थ सङ्घर्षरत गैर-नाफामूलक गैरसरकारी संस्था हो । महिला तथा जातीय, वर्गीय, क्षेत्रीय, यौनिक र लैङ्गिक पहिचान आदिका आधारमा पछाडि पारिएका समुदायको अधिकारका लागि कार्यरत यस संस्था विभेदको अन्तर्निहित कारणलाई विश्लेषण गर्दै कारण र परिणाम दुवै सम्बोधनका लागि क्रियाशील छ । संस्थाले काम गर्ने दौरानमा मानव बेचबिखन, पितृसत्तात्मक सामाजिक संरचनामा महिलाको आफ्नो शरीर माथि आफ्नै नियन्त्रणको अधिकार हनन्का कारणले सिर्जित एउटा परिणाम भएको निष्कर्ष निकाल्दै महिला अधिकारको मुद्दालाई फराकिलो दायराले बिश्लेषण गर्ने र महिला अधिकार प्राप्तिका लागि महिलाको श्रम, शरीर र पहिचानको मान्यता स्थापनाका लागि निरन्तर वकालत गर्दै आइरहेको छ ।






समाजमा विद्यमान असमान शक्ति सम्बन्धले महिलालाई कमजोर र दोस्रो दर्जाको रूपमा हेरिने विभेदकारी दृष्टिकोण विद्यमान छ । जसका कारण महिलाहरू विभिन्न प्रकारका हिंसा भोग्न र सहन बाध्य छन्, भने महिलाको नेतृत्वलाई सहजै स्वीकार गर्ने वातावरण छैन । तसर्थ, संस्थाले **"व्यक्तिगत नै राजनीतिक हो"** भन्ने अवधारणालाई अवलम्बन गर्दै महिला अधिकार प्राप्तिका निम्ति नीतिगत सम्बोधन र सोचमा रूपान्तरण अनिवार्य शर्त हो भन्नेमा विश्वासका साथ कार्य गर्दछ ।



ओरेकले समुदायमा आधारित महिला तथा किशोरी सञ्जाल तथा संस्थाहरूसँगको नेतृत्व, सहकार्य र समन्वयमा महिलाको सामाजिक, आर्थिक, राजनीतिक र पर्यावरणीय अधिकारका लागि सामूहिक अभियानहरू सञ्चालन गर्दै आइरहेको छ । साथै, महिलाको जीवनका भोगाइहरूको अभिलेखीकरण र विश्लेषणद्वारा ज्ञान उत्पादन र व्यवस्थापन गर्दै स्थानीय स्तरदेखि अन्तर्राष्ट्रिय स्तरसम्म तथ्यमा आधारित पैरवीलाई निरन्तरता दिँदै आएको छ । यसले विविध महिलावादी तथा मानव अधिकारवादी आन्दोलनसँग सहकार्य गर्दै, राज्यलाई उत्तरदायी बनाउन, महिलामैत्री ऐन, नीति तथा कार्ययोजना निर्माणमा प्रभावकारी भूमिका खेलिरहेको छ । महिलावादी मूल्य मान्यताद्धारा निर्देशित यस संस्थाले महिलाको यौन तथा प्रजनन् अधिकार सुनिश्चितता तथा पर्यावरणीय न्यायका लागि समेत प्रतिबद्ध छ । जसमा **वियरफुट गाइनोकोलोजिष्ट** को अवधारणा लागु गर्दै **हाम्रो शरीर, हाम्रै हो** म्यानुअल निर्माण, समुदायमा आधारित महिला स्वास्थ्य तथा परामर्श



केन्द्र, मनोविमर्श केन्द्र, सघन जैविक खेतीको अवधारणामा आधारित नमुना खेती, पर्यावरणमैत्री नमूना गाँऊ, पछाडि पारिएका समुदायका महिलाहरुको समान प्रतिनिधित्व तथा राजनीतिमा महिलाको सहभागिताका लागि समुदायका महिलाहरुसँगको सम्लग्नता, ओजस, मञ्जरी, कुटुनी पोर्डकाष्ट लगायतका संरचनाहरु मार्फत महिलाहरुको लागि सुरक्षित स्थल निर्माण गरेको छ ।

## नीतिगत परिवर्तनमा संस्थाको सम्लग्नता :

संस्थाले महिला अधिकारको क्षेत्रमा ३ दशक भन्दा लामो यात्रा पार गर्दै सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५, बेचविखन विरुद्धको नीति, पाठेघर खस्ने समस्यालाई सम्बोधन गर्ने राष्ट्रिय नीति, सुरक्षित गर्भपतन सम्बन्धी कानुन, घरेलु हिंसा सम्बन्धी कानुन, एकीकृत किट व्यवस्थापन, जैविक खेती, सम्पत्तिमाथिको अधिकार तथा महिला अधिकार सम्बन्धित अन्य थुप्रै प्रगतीशिल नीतिहरु प्रिवर्तनमा उत्प्रेरकको भूमिका खेलेको छ। साथै विगत ३५ वर्षदेखि, संस्थाले समुदायमा विभिन्न स्व-प्रतिनिधिमुलक महिलाले नेतृत्व गरेका संस्थाहरुको स्थापना तथा संस्थागत विकासमा सहजीकरण गरेको छ । महिलाहरुको जीवनको आवश्यक्तालाई एकीकृत अवधारणावाट सम्बोधन गर्दै आफ्ना सम्पूर्ण कार्यक्रमहरुमा एकीकृत अवधारणा अपनाउँदै आएको छ ।

## संस्थाको दूरदृष्टि:

महिलावादी अभीष्ट प्राप्त भएको समाज ।

(ओरेक एउटा यस्तो महिलावादी आकांक्षा प्राप्त भएको समाज परिकल्पना गर्दछ जसमा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक समानता सुनिश्चित भएको हुनेछ । )

## संस्थाको ध्येय:

सामूहिक महिलावादी कार्यद्वारा महिलाको मानव अधिकारको सम्वर्द्धन र सबै प्रकारको संरचनागत विभेदको अन्त्य ।

## संस्थाको रणनीतिक उद्देश्यहरु

१ शारीरिक अखण्डता, गतिशीलता, मर्यादित काम, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, जलवायू न्याय र महिला मानव अधिकार रक्षकहरुको आन्दोलनका लागि विभिन्न महिला र ट्रान्स अधिकार अभियन्ताहरूका आवाज विस्तार गर्ने ।

२ ओरेकलाई सामाजिक आन्दोलनको समन्वय तथा ज्ञान निर्माणका लागि महिलावादी स्रोत केन्द्रको रूपमा विस्तार गर्ने ।

३ द्वन्द्व तथा लैङ्गिक हिंसा प्रभावित महिलाहरुलाई न्यायको अधिकार दावी गर्नका लागि सशक्तिकरण प्रकृयामा सहयोग गर्ने ।

४ महिलामाथि हुने सबै प्रकारका विभेद विरुद्धको महासन्धि १९८९, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको अभिसन्धि, विश्वब्यापी आवधिक समिक्षा र दिगो विकासको लक्ष्य नं. ३, ५, ८ ,१०, १३ र १६ मा राज्यले गरेको प्रतिबद्धता कार्यान्वयन गर्न-गराउन पैरवी गर्ने ।

५ महिला मानव अधिकार रक्षक तथा महिला नेताका लागि अनुकुल वातावरण तयार गरी महिला आन्दोलन मजबुद बनाउने ।

६ मानवीय संकटमा पर्यावरणीय न्याय तथा महिलाको नेतृत्वको लागि पैरवी गर्ने ।

७ आत्म-निर्भरता, महिलावादी व्यवस्थापन र युवा नेतृत्वका लागि ओरेकको संस्थागत क्षमता सबलीकरण गर्ने ।

## रणनीतिक लक्ष्य:

१. समुदाय, अधिकारवाला समुह, साझेदार र आवद्ध सञ्जाल प्रतिको जवाफदेहीता, महिलावादी मुल्य, र स्थानीय, राष्ट्रिय, क्षेत्रिय र अन्तराष्ट्रिय तहमा बलियो रुपमा पैरवी गर्ने रुपान्तरित संस्था

२. युवा महिला, प्रभावित, स्व-प्रतिनिधीमुलक तथा महिलाले नेतृत्व गरेको संस्था र महिला मानव अधिकार रक्षकहरुले नेतृत्व गरेको बलियो महिला अधिकार आन्दोलन ।

## हाम्रा सञ्जालहरु

ओरेक महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल, महिला तथा बालबालिका बेचविखन विरुद्ध सहकर्मी समूह (एटविन) लगायतका राष्ट्रिय स्तरको सञ्जालहरुको संस्थापक हो । ओरेकले स्थापना कालदेखि नै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ। यी साझेदारीहरूले महिलावादी आन्दोलनलाई सुदृढ बनाउने, नीतिगत तहमा पैरवी गर्ने र समुदाय तहका अनुभवहरुलाई अन्तर्राष्ट्रिय मञ्चहरुमा प्रतिविम्बित गर्ने महत्वपूर्ण भूमिका खेलेको छ। अन्तर्राष्ट्रिय अनुभव, ज्ञान आदान-प्रदान र साझा अभियानहरू मार्फत ओरेकले महिला अधिकार र सामाजिक न्यायका मुद्दाहरूलाई राष्ट्रिय बहसको केन्द्रमा स्थापित गर्दै आएको छ।

| राष्ट्रिय सञ्जालहरु | अन्तराष्ट्रिय सञ्जालहरु |
|---|---|
| • मानव अधिकार अलायन्स<br>• महिला तथा बालबालिका बेचविखनविरुद्ध सहकर्मी समूह (एटविन)<br>• महिला मानव अकिार रक्षकहरुको राष्ट्रिय सञ्जाल<br>• मानव अधिकार महासन्धि अनुगमन समिति<br>• गैरसरकारी संस्था महासंघ, नेपाल<br>• सामाजिक, आर्थिक अधिकारका लागि महिला सञ्जाल<br>• मानव अधिकारको विश्वव्यापी समिक्षाका लागि नागरिक सञ्जाल, सचिवालय महिला सञ्जाल<br>• मानव अधिकार र सामाजिक न्यायको अलायन्स<br>• नेपाल एसडिजि फोरम<br>• खाद्य अधिकार सञ्जाल<br>• बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (CZOP) | • ग्लोवलए लायन्स एगेन्सट ट्राफिक इन ओमन (GAATW)<br>• माइग्रेन्ट फोरम एसिया (MFA)<br>• एसिया प्यासिफिक फोरम फर ओमन्स ल एण्ड डेभलपमेन्ट (APWLD)<br>• एसोसियसन फर ह्युमन राइट्स एण्ड डेभलपमेण्ट<br>• इयससिआर नेट (ESCR Net)<br>• वुमन मेजर ग्रुप (एसडिजी) (WMJ, SDG)<br>• वुमन ह्युमन राइट डिफेन्डरहरुको इन्टरनेशनल कोलिसन (WHRD-IC)<br>• फोरम एसिया<br>• एसिया प्यासिफिक अलायन्स फर सेक्सुल एण्ड रिप्रोडक्टिभ राइट्स (APA- SRHR)<br>• जिएनवि नेपाल (GNB Nepal)<br>• एसिया प्यासिफिक रिफ्युजि राइट नेटवर्क (APRRN)<br>• फोसिल फ्युल ट्रिटी नेटवर्क<br>• CIVICUS<br>• AWID |

# ओरेकका विषयगत तथा उपविषयगत क्षेत्रहरु

## १. मानव अधिकार र सामाजिक न्याय

**क. महिला, बालिका तथा किशोरीमाथि हुने हिंसा, कारण र परिणाम**

- शारीरिक अखण्डता र महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकार
- कामको अधिकार र सामाजिक सुरक्षा
- संक्रमणकालिन न्याय र शान्ति
- सेवामा प्रभावकारिता तथा गुणस्तरीयता

**ख. असमानता विरुद्धको संघर्ष**

## २. पर्यावरणीय न्यायका लागि महिलाको नेतृत्व

- जैविक खेती र दिगो कृषि प्रणाली,
- वातावरणीय संरक्षण
- विपद् व्यवस्थापनमा महिलाको नेतृत्व र सहभागिता ।

## ३. ज्ञान व्यवस्थापन तथा सञ्चार

- अनुसन्धान तथा तथ्य निर्माण
- दस्तावेजीकरण र तथ्याङ्क व्यवस्थापन
- प्रकाशन
- डिजिटल सञ्चारमा संलगनता
- सूचना प्रवाह र सञ्चार


## मुख्य कार्यक्षेत्रहरु




## संस्थाको कार्यक्षेत्र

**हाल ओरेकले आफ्ना एकीकृत अभियानहरु**

- प्रत्यक्ष रुपमा - २८ जिल्ला
- महिला मानव अधिकार रक्षकहरुसँगको समन्वय सहकार्यमा - ७७ जिल्ला






# महिला पुनर्स्थापना केन्द्र (ओरेक)

पो.ब.नं : १३२३३, काठमाण्डौ नेपाल

सम्पर्क नम्बर : +९७७-०१५१८६३७४, ०१-५१८६०७३, हटलाइन : १६६०-०-१७८९१०

इमेल : ics@worecnepal.org, Website: www.worecnepal.org